**नेपाल**

**प्रजातन्त्र, मानवअधिकार तथा श्रम ब्युरो**
**अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रता प्रतिवेदन-२००९**
**२००९ अक्टोबर २६**

सन् २००७ जनवरीमा लागू गरिएको अन्तरिम संविधानले धार्मिक स्वतन्त्रता प्रदान गरेको छ । तथापि, धर्म परिवर्तन गराउन भने निषेध गरेको छ ।

यस प्रतिवेदनले समेटेको अवधिभर सरकारले सामान्यतः धार्मिक स्वतन्त्रताको सम्मान गरेको पाइन्छ । यद्यपि, छिटफुट रूपमा एउटा धार्मिक समूहका क्रियाकलापमाथि भने हस्तक्षेप गरिएको पाइयो ।

अन्तरिम संविधानले आधिकारिक रूपमा देशलाई एक 'धर्मनिरपेक्ष राज्य'का रूपमा घोषणा गरेको थियो । तर, पनि राष्ट्र प्रमुखका हैसियतले राष्ट्रपतिले विगतमा राजाले गरेजस्तै हिन्दू धर्मअन्तर्गतका प्रमुख समारोहहरूमा सहभागिता जनाए ।

विशेषगरी धार्मिक स्वतन्त्रतालाई असर पार्ने कुनै ऐन, कानुनमा परिवर्तन भने गरिएन । अल्पसंख्यक धार्मिक समुदायका सदस्यले यदाकदा प्रहरीद्वारा सताइएको सिकायत गरेका थिए ।

तिब्बती समुदायलाई सताउने क्रियाकलापमा उल्लेख्य वृद्धि भएको पाइयो । सरकारी निकायले खासगरी राजनीतिक अर्थ लाग्ने किसिमका तिब्बती समुदायका धार्मिक समारोहहरू हुन नदिएर त्यसमा सहभागी भएका केहीलाई पक्राउ पनि गरेको थियो । प्रायःजसो विशुद्ध धार्मिक भेला वा समारोहहरूमा उल्लेख्य रूपमा प्रहरीहरू उपस्थित हुने गरेका थिए ।

देशका धेरै धार्मिक समूहका अनुयायीहरू सामान्यतया शान्तिपूर्वक एकआपसमा मिलेर बसेका थिए र धार्मिक स्थलहरूको सम्मान गरिएको थियो । यद्यपि त्यहाँ धार्मिक आस्था वा अभ्यासका आधारमा सामाजिक दुर्व्यवहार र विभेद गरिएका समाचारहरू पनि प्राप्त भएका थिए । जसले धर्म परिवर्तन गर्थे, उनीहरूले कहिलेकाहीँ हिंसाको सामना गर्नुपर्थ्यो र कहिलेकाहीँ सामाजिक रूपमा बहिष्कृतसमेत हुनुपर्थ्यो । तर, प्रायःजसो उनीहरू सार्वजनिक रूपमा आफ्नो सम्बन्ध स्वीकार गर्न भने डराउँदैनथे ।

संयुक्त राज्य अमेरिकी सरकारले धार्मिक स्वतन्त्रतालाई पनि मानवअधिकार प्रवर्द्धनका आफ्नो समग्र नीतिकै एक हिस्साका रूपमा नेपाल सरकारसँग छलफल गर्दछ । अमेरिकी दूतावासले नियमित तवरले सम्पर्क राख्ने गरेका धार्मिक समूहमा हिन्दू, बौद्ध, इसाई, मुस्लिम, यहुदी तथा अन्य धर्मावलम्बी समूहहरू पर्दछन् ।

**खण्ड एक : धार्मिक जनसंख्या**

देशको क्षेत्रफल ५४,३६३ वर्ग माइल र जनसंख्या दुई करोड ९० लाख छ । सरकारी तथ्यांकअनुसार, जनसंख्याको करिब ८६.५१ प्रतिशत भाग हिन्दूहरूले ओगटेका छन् । बौद्धमार्गी ७.७९ प्रतिशत, मुसलमान (जसमा सुन्नी सम्प्रदायको बाहुल्य छ) ३.५३ प्रतिशत तथा इसाईसहित अन्य धर्मका अनुयायी २.१७ प्रतिशत छन् ।

अल्पसंख्यक धार्मिक समूह आफूहरूको उल्लेख्य संख्यालाई गणनाभित्र नपारिएको भन्नेमा विश्वास गर्छन् । इसाई धर्मका अगुवाहरूले सधैँझैं दस लाखभन्दा बढी (तीन प्रतिसत) आफ्नो धर्मका अनुयायी भएको अनुमान गरेका थिए । नेसनल चर्चेज फेलोसिप अफ नेपालले काठमाडौंमा मात्रै करीव तीन सय ३५

गिर्जाघर (चर्च) हरू सञ्चालनमा रहेको जनाएको थियो । जामे मस्जिदका अधिकारीहरूका अनुसार, यहाँ झन्डै तीन हजार पाँच सय मदरसा छन् ।

**खण्ड दुई : धार्मिक स्वतन्त्रताको अवस्था**

**कानुनी तथा नीतिगत संरचना**

अन्तरिम संविधानले धार्मिक स्वतन्त्रताको प्रावधान राखेको छ र सबै धार्मिक समूहको अभ्यासकार्यलाई अनुमति दिएको छ । तथापि, अर्को व्यक्तिको धर्म परिवर्तन गराउने कार्यलाई भने ठाडै प्रतिबन्ध लगाइएको छ ।

अन्तरिम संसद्ले अन्तरिम संविधानअन्तर्गत जनवरी २००७ मा देशलाई धर्मनिरपेक्ष राज्य घोषणा गरेको थियो । अन्तरिम संविधानले सन् १९९० को संविधानले प्रत्याभूत गरेको जातका आधारमा कुनै पनि नागरिकमाथि भेदभाव गरिने छैन भन्ने व्यवस्थालाई निरन्तरता दिएको छ ।

सन् २००२ मा तत्कालीन सरकारले देशमा दलित (विगतमा 'अछूत' भनिएका) हरूको अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै दलित समुदायको देश विकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गराउने आशयले एउटा राष्ट्रिय दलित आयोग गठन गरेको थियो । स्थानीय विकास मन्त्रालयले राष्ट्रिय दलित आयोगलाई ७५ वटै जिल्लामा कार्यक्रम सन्चालन गर्न तथा दैनिक प्रशासनिक खर्च चलाउनका लागि रकम विनियोजन गर्छ । आयोगका सबै जिल्लामा शाखा छन् । प्रत्येक जिल्लामा स्थानीय विकास अधिकारीले त्यहाँको आयोगको अध्यक्षता गर्छ । आयोगले दलितका मुद्दामा सहभागी भएका स्थानीय गैरसरकारी संस्थाहरूसँग पनि समन्वय गर्छ । आयोगले स्थानीय विकास मन्त्रालयलाई आफ्नो वार्षिक प्रगति विवरण बुझाउने गर्छ । आयोगले सञ्चालन गरेका सचेतना कार्यक्रमका अलावा पनि दलितले विभेदको सामना गरिरहनु पर्‍यो । स्थानीय गाउँले र हिन्दू पुजारीद्वारा दलितहरूमाथि धार्मिक संस्कार गर्न वा सांस्कृतिक र धार्मिक उत्सवहरूमा सहभागी हुनबाट प्रायः प्रतिबन्ध लगाइन्थ्यो ।

हिन्दू बहुसंख्यकहरूलाई पक्षपात हुने गरी खास कानुनहरू बनाइएको छैन । न त हिन्दूवादको अभिव्यक्तिलाई सरकारले नियन्त्रणमा नै राखेको छ । धार्मिक समूहहरूलाई दर्ता वा पञ्जीकरण अनिवार्य छैन तर गैरसरकारी संस्था (एनजीओ) हरूलाई कानुनी दर्ता अनिवार्य छ ।

इसाई, मुस्लिम र यहुदीका धार्मिक संस्थाहरूको कथन के रहने गरेको थियो भने दर्ता प्रक्रिया महत्वपूर्ण छ । किनभने दर्ता नभएसम्म तिनले गिर्जाघर (चर्च), मस्जिद, यहुदी पूजास्थल अथवा चिहानगृह बनाउनका लागि जमिन किन्न र स्वामित्व लिन पाउँदैनन् ।

एउटा संस्था जसले यहुदी धर्मका अनुयायीहरू ( प्रायः पर्यटक)का लागि धार्मिक सेवा र कोसेर खाना ( यहुदी कानुनअन्तर्गत तयार गरिएको खाना) उपलब्ध गराउँछ । त्यसले आफू धार्मिक संस्थाको रूपमा कानुनतः दर्ता हुन नसकेको र यहुदी अध्ययनका लागि संस्था खोल्न नपाएको सिकायत गरेको थियो ।

धर्म परिवर्तन गराउने गतिविधिलाई गैरकानुनी नै मानिन्छ । नेपालमा औपचारिक मिसनरीहरू छैनन् । परन्तु यहाँ दशकौंदेखि मिसनरी अस्पतालहरू, कल्याणकारी संस्थाहरू र विद्यालयहरू सञ्चालित हुँदै आएका छन् ।

यी संस्थाहरूले धर्म परिवर्तन गराउने कार्य गरेका छैनन् र अन्य हिसाबले स्वतन्त्र रूपले काम गर्दै आएका छन् । माध्यमिक तहको शिक्षामा मिसनरी विद्यालयहरूको स्थान सम्मानजनक रहिआएको छ । सरकारी निकाय र व्यापारिक समुदायमा कार्यरत कतिपय शिक्षित, सम्भ्रान्त व्यक्ति जेसुइट माध्यमिक विद्यालयका सफल छात्रछात्रा हुन् ।

मिसनरी विद्यालय र अस्पतालमा काम गर्ने विदेशी कामदारहरूले नेपाल प्रवेश गर्दा स्थानीय संस्था अथवा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्राविधिक कामदारको प्रवेशाज्ञाको लागि सम्बन्धित विद्यालय र अस्पतालले जिम्मा लिई सिफारिस गर्ने गरेको पाइन्छ ।

सरकारले त्यस्ता अध्यागमन कानुनहरू लागू गरेको थियो । जसअन्तर्गत यदि यस्ता विदेशी कामदारहरू धर्म परिवर्तनको गतिविधिमा संलग्न रहेको फेला पर्दा तिनीहरूलाई देश निकाला गरिन्थ्यो । यो प्रतिवेदन समीक्षाको अवधिसम्म देश निकाला गरिएका कुनै घटना थिएनन् । धेरैवटा विदेशी इसाई संस्थाले स्थानीय चर्चहरूसँग सिधा सम्पर्क कायम गर्दै पास्टरहरूलाई धार्मिक प्रशिक्षणका लागि समुद्रपार लैजाने व्यवस्थाको प्रायोजन गर्दछन् ।

धार्मिक हिसाबले पावन ठहरिएका कतिपय दिनलाई राष्ट्रिय बिदाको रूपमा मान्यता दिइएको छ । यसमध्ये अधिकांश हिन्दू धर्मसँग सम्बन्धित छन् । जस्तै, महाशिवरात्री, फागुपूर्णिमा, कृष्णाष्टमी, दसैं, तिहार, माघी र छठ ।

गैरहिन्दूका तर्फबाट मनाइएका पर्व बिदाहरूमा लोसार (गुरुङ, तामाङ तथा शेर्पा समुदायले विभिन्न फरकफरक मितिमा मनाउने बौद्ध धर्मावलम्बीको नयाँ वर्ष), बुद्धजयन्ती, इद (इद-अल-फित्र), क्रिसमस र उघौली (किराँत जनजाति/धार्मिक पर्व, जसलाई राई र लिम्बू समुदायले मनाउँछन) पर्छन् ।

यद्यपि, सरकारी विद्यालयहरूले धर्मको पठनपाठन नगरे पनि अधिकांश विद्यालयका मैदानमा हिन्दू धर्मअन्तर्गत विद्याकी देवी सरस्वतीको मूर्ति राखिएको हुन्छ । धेरैले देवीका लागि एउटा हिन्दू प्रार्थना गरेर मात्र दैनिक क्रियाकलाप सुरु गर्दछन् ।

सरकारले विभिन्न धार्मिक समूहबीच अन्तरधार्मिक समझदारी निर्माण गर्नेबारे कुनै औपचारिक नीति अख्तियार गरेको छैन ।

हिन्दू, बौद्ध, मुस्लिम, इसाई र बहाई समुदायका प्रतिनिधि रहेको अन्तरधार्मिक परिषद् नेपाल (इन्टर-रिलिजियस काउन्सिल, नेपाल) नामक एउटा गैरसरकारी संस्था देशमा शान्तिको प्रवर्द्धनका लागि सक्रिय छ ।

**धार्मिक स्वतन्त्रतामाथिका बन्देज**

तिब्बतीमूलका बौद्धमार्गीहरूले आफ्ना कार्यक्रम सञ्चालन गर्दा अनेक प्रकारका बन्देज र प्रत्यक्ष हस्तक्षेपको सामना गर्नुपरेको थियो । यसक्रममा प्रायः त्रसित बनाउनेगरी प्रहरीको तैनाथी हुनेगर्दथ्यो ।

स्थानीय निकायहरूले सामान्यतया तिब्बती धार्मिक पर्वहरू निजी ठाउँहरूमा मात्र मनाउन दिए । निजी ठाउँमा अग्रिम स्वीकृति लिएर मनाइएको एउटा धार्मिक कार्यक्रममा प्रहरीले दलाई लामाका तस्बिर जफत गर्ने र जलाउने काम गऱ्यो । सरकारले विरोध कार्यक्रम रोक्ने तथा विशुद्ध धार्मिक कार्यक्रमलाई पनि अत्यधिक संकुचित गर्नेजस्ता कार्य गरेर तिब्बती समुदायविरुद्ध दमन गर्ने अभियानलाई क्रमिक रुपमा बढाउँदै लग्यो ।

सन् १९५९ को ल्हासा आन्दोलनको वर्षगाँठ पारेर मार्च, २००८ मा सुरु भएको आन्दोलन सेप्टेम्बर २००८ सम्म निरन्तर चल्यो । त्यसबेला एक सय ३० जना प्रदर्शनकारीलाई पक्राउ गरी हिरासतमा राखियो र केहीलाई छोडेर बाँकीलाई शरणार्थी मामिलासम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालयमा बुझाइयो ।

३१ डिसेम्बर १९८९ पछि नेपाल आएका र जन्मेका तिब्बतीको कुनै कानुनी हैसियत छैन । त्यसकारण उनीहरू देशबाट निकालिने सम्भावनाबाट त्रसित छन् । । प्रतिवेदनले समेटेको अवधिभर प्रहरी र अन्य निकायले तिब्बती समुदायमाथि बारम्बार रूपमा दुर्व्यहार गर्ने र जबर्जस्ती चन्दा लिने कार्य गरिरहे ।

उल्लेख्य रूपमा जबर्जस्ती चन्दाको रकम बढ्यो र जबर्जस्ती चन्दा माग्ने घटना स्थानीय तहमा बढ्न थालेपछि पीडित तिब्बतीहरू व्यापार बन्द गर्न वा व्यवसायिक क्रियाकलाप छोड्न बाध्य भएका थिए ।
कानुनले धर्म परिवर्तन गराउने कार्यलाई बन्देज गरेको छ र त्यो दण्डनीय छ, जसमा आर्थिक दण्ड तिर्नुपर्ने, जेल भोग्नुपर्नेजस्ता सजाय पर्छन् । विदेशीको हकमा देशनिकाला हुनसक्छ । यद्यपि, व्यक्तिगत परिवर्तनलाई भने अनुमति दिइएको छ । यो प्रतिबन्ध गैरहिन्दू धार्मिक आस्थाको अभिव्यक्तिलाई सीमित गर्ने नियतको भनी केही इसाई र मुस्लिम समूहले चासो पनि देखाए । धर्म परिवर्तन गराउने कार्यमा संलग्न व्यक्ति तथा संस्थाविरुद्ध उजुरी गर्न गैरसरकारी संस्था र व्यक्तिहरूलाई अनुमति दिइयो र सरकारले त्यस्ता उजुरीको छानबिन गऱ्यो ।
२८ डिसेम्बर २००८ मा माओवादी नेतृत्वको सरकारले ठूलो, पुरानो र पवित्र मानिने हिन्दू मन्दिरमध्येको एक पशुपतिनाथ मन्दिरमा भारतीय पुजारीका ठाउँमा दुईजना नेपाली पुजारीलाई नियुक्त गर्ने निर्णय सार्वजनिक गऱ्यो । स्थानीय बासिन्दा र भण्डारी (पुजारी)हरूले त्यसको सरकारलाई उक्त निर्णय फिर्ता लिन माग गर्दै विरोध गरे । विवादका कारण त्यहाँ दुई तीन दिनसम्म कुनै धार्मिक कार्य हुन सकेन । सर्वोच्च अदालतले अन्तरिम आदेश दियो र सरकार निर्णयबाट पछि हट्यो । रिपोर्टिङको अन्त्यतिर पनि उक्त मुद्दा सर्वोच्च अदालतमा विचाराधीन थियो । पुजारीको तलबमान, सुविधाका साथसाथै शैक्षिक योग्यतासम्बन्धी नयाँ नियममाथिको विरोधाभाष प्रतिवेदनले समेटेको अवधिको अन्त्यसम्म पनि कायम थियो ।
मस्जिद त हैन, मदरसाहरूलाई चाहीँ स्थानीय जिल्ला प्रशासन कार्यालय (गृह मन्त्रालयकै अंग) अन्तर्गत दर्ता गर्नुपर्ने हुन्थ्यो र उनीहरूको सञ्चालनको स्रोत पनि खुलाउनु पर्थ्यो । यो नीतिलाई भेदभावपूर्ण भन्दै केही मुस्लिम नेताले आलोचना गरे । तथापि, यो दर्ताको प्रावधानलाई व्यवहारमा भने लागू गरिएको छैन । शिक्षा विभागका अनुसार आठ सय ३२ मदरसा जिल्ला शिक्षा कार्यालयअन्तर्गत कानुनी रूपमा दर्ता भएका छन् र जिल्ला शिक्षा कार्यालयले उनीहरूलाई वार्षिक रूपमा केही आर्थिक सहयोग पनि उपलव्ध गराउँछ ।
विद्यार्थीहरूको संख्याका आधारमा उनीहरूलाई दिइएको सहयोग प्रति विद्यार्थी दुई हजार नेपाली रुपैयाँदेखि ६ हजार दुई सय रुपैयाँसम्म रहेको थियो । दर्ता भएका मदरसाहरूका लागि विभागले पाठ्यक्रम पनि तयार पारिदिएको छ । मुस्लिमहरूलाई हजमा सहभागी हुनबाट रोकिएन तर सरकारले तीर्थयात्रीहरूलाई त्यहाँ जान अनुदान दिएन ।
संविधानले जातका आधारमा गरिने भेदभावलाई निषेध गरेको छ । तथापि, जातीय व्यवस्थाले समाजलाई गहिरोसँग प्रभावित गर्दछ । सरकारले जातीय भेदभावलाई गैरकानुनी भनी जोड दिएको छ र कतिपय स्थानमा कथित तल्लो जातका लागि मन्दिर प्रवेश सहज पनि भएको छ । तर पनि कति हिन्दू मन्दिरमा अझै पनि भेदभाव गरेको पाइयो, जहाँ दलितलाई केही पुजारीले मन्दिर छिर्न दिएनन् ।
धार्मिक ग्रन्थहरूको किनबेच वा संग्रहमा कुनै प्रतिबन्ध थिएन ।
निजामती कर्मचारीलाई धार्मिक बिदा लिने र निजी स्थानहरूमा सरकारी हस्तक्षेपबिना मनाउने अनुमति थियो ।
धार्मिक बन्दी या कैदी रहेको कुनै घटना थिएनन् ।

## जबर्जस्ती धर्म परिवर्तन

जबर्जस्ती धर्म परिवर्तनका कुनै पनि घटना सुन्नमा आएनन् । अपहरण गरिएका वा गैरकानुनी रूपमा संयुक्त राज्य अमेरिकाबाट हटाइएका नाबालक अमेरिकी नागरिकहरू वा संयुक्त राज्य अमेरिकामा फिर्ता जानबाट रोकिएका नागरिकहरुका हकमा पनि जबरजस्ती धर्म परिवर्तनको घटना घटेको पाइएन ।

## आतंककारी संस्थाहरूका दुर्व्यवहार

संयुक्त राज्य सरकारको 'इमिग्रेसन एन्ड नेसनालिटी एक्ट'को 'टेरोरिस्ट एक्सक्लुजन लिस्ट' तथा 'एक्जिक्युटिभ अर्डर १३२२४' अन्तर्गत नेपाल कम्युनिस्ट पार्टी (माओवादी)लाई आतंककारी संगठनका रूपमा राखेको छ ।

यो प्रतिवेदन तयार पारिएको अवधिमा माओवादी मन्त्रीहरूले सरकारका १२ मन्त्रालय सम्हालेका थिए । जसअन्तर्गत प्रधानमन्त्री, संस्कृति तथा राज्य पुनर्संरचनाका साथै महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय पनि रहेको थियो जसले गैरसरकारी संस्थाको दर्ता प्रक्रियालाई नियन्त्रण गर्दछ ।

विगतका बर्षभन्दा विपरीत माओवादीहरूले धार्मिक स्वतन्त्रतामाथि हस्तक्षेप गरेका घटनाहरू सुन्नमा आएनन् ।

२३ मे २००९ मा काठमाडौंको एउटा क्याथोलिक चर्चमा भएको प्रेसर कुकर बम विस्फोटमा परी प्रार्थनामा सहभागी तीनजनाको मृत्यु भएको थियो भने अन्य १३ जना घाइते भएका थिए । हिन्दू कट्टरपन्थी संगठन नेसनल डिफेन्स आर्मीले विस्फोटको जिम्मेवारी लिएको थियो ।

सेप्टेम्बर, २००७ मा कांग्रेस कार्यकर्त्ता तथा पूर्व 'भिजिलान्ते' नेता मोहित खाँको हत्या र त्यसपछि भएका साम्प्रदायिक हिंसाका घटनाको अनुसन्धान सकियो जब सरकारले ती घटनामा जोडिएका सबै मुद्दा फिर्ता लिने निर्णय गर्‍यो । उक्त सरकारी निर्णयलाई चुनौती दिँदै दायर भएको एउटा मुद्दा यो प्रतिवेदन तयार हुँदासम्म पनि अदालतमा विचाराधीन थियो ।

## खण्ड तीन : धार्मिक स्वतन्त्रताप्रतिको सामाजिक सम्मानको अवस्था

मुलुकका विभिन्न धार्मिक समूहका सदस्यहरू सामान्यतया शान्तिपूर्वक मिलेर बस्ने गर्थे र एकअर्काका पूजनीय स्थलहरूलाई सम्मान गर्दथे । हिन्दूहरूले देशभर रहेका बौद्ध स्तुप र गुम्बालाई सम्मान गर्दथे भने बौद्धधर्मीहरूले पनि हिन्दू मन्दिरहरूलाई त्यस्तै मान गर्दथे । देशको दक्षिणी भागमा पर्ने लुम्बिनीस्थित बुद्धको जन्मस्थल एक महत्वपूर्ण तीर्थस्थल हो भने बुद्ध जयन्तीमा राष्ट्रिय बिदा हुन्छ ।

१९ अप्रिल २००९ मा कास्की जिल्लामा दुई पुजारीको हत्या भयो । प्रहरीका अनुसार, ६० वर्षीय मुक्तिप्रसाद पोखरेल अपांग र ८५ वर्षीय तारानन्द पौडेल गिरी अन्धा थिए, उनीहरू दुवैको धारिलो हतियार प्रयोग गरी हत्या भएको थियो । पोखरेलको हत्यामा संलग्न भएको अभियोगमा एकजनालाई पक्राउ गरी प्रहरी हिरासतमा राखिएको थियो तर प्रहरीले घटनामा संलग्न भनिएका अन्य पाँचजनाको भने खोजी गरिरहेको थियो । प्रहरीका अनुसार, उक्त हत्याका पछाडि धार्मिक कारण थिएनन् । अनुसन्धानहरू जारी रहेका थिए ।

केही इसाई समूहका अनुसार देशलाई 'हिन्दू अधिराज्य' नभई 'धर्मनिरपेक्ष राज्य' भनी सन् २००६ को संसदीय घोषणापछि देशमा हिन्दू अतिवादी बढेका छन् । भारतको हिन्दू राजनीतिक पार्टी शिवसेनासँग

आबद्ध स्थानीय पशुपतिसेना, शिवसेना नेपाल र नेपाल शिवसेना प्रमुख हिन्दू अतिवादी समूह रहेका छन् । यो प्रतिवेदन तयार पार्दासम्म हिंसात्मक घटनामा यिनै समूहको हात रहेको आशंका थियो ।

२८ डिसेम्बर २००८ मा रणवीरसेना नामक कट्टरपन्थी हिन्दू संगठनले काठमाडौंको दरबार हाइस्कुलबाहिर भएको कम शक्तिशाली बम विस्फोटको जिम्मेबारी लियो । त्यस घटनामा कुनै मानवीय क्षति भएन ।

केही नागरिक चाहिं इसाईहरूले धर्म परिवर्तन गराएको र गराउन प्रेरित गरिररहेकोबारे चिन्तित थिए र देशमा इसाई धर्म फैलिएको चासोका साथ हेरिरहेका थिए ।

एउटा धर्मबाट अर्को धर्ममा जानेहरू, (बिशेषगरी हिन्दूबाट इस्लाम र इसाई हुनेहरू), बेला बेलामा सामाजिक रूपमा बहिस्कृत पनि भए । उनीहरूले कहिलेकाहीं हिन्दू अतिवादीहरूबाट दुर्व्यवहार र भेदभावको सामना पनि गर्नुपर्‍यो । केहीलाई जबर्जस्ती गाउँ छाड्न लगाइएको पनि जानकारीमा आयो । यो भेदभाव व्यवस्थित  थिएन , र कहिलेकाहीं हिंसात्मक पनि हुन्थ्यो । यसका बाबजुद धर्म परिवर्तकहरू आफ्नो नयाँ धर्मका बारेमा खुलेर भन्न डराएनन् ।

केही धार्मिक संगठनले हिन्दू कट्टरपन्थी समूहहरूबाट बलजफ्ती चन्दा लिइने तथा धम्कीको सामना गर्नुपर्‍यो । जैन तथा अन्य अल्पसंख्यक धार्मिक संगठनले आफूलाई हिन्दू कट्टरपन्थी भनि दाबी गर्ने समूहबाट अपहरण र चन्दाको धम्की सहनुपर्‍यो । तर, ती संभवत धर्मको खोल ओडेर ठगी र अपराध गर्ने समूह  थिए ।

१८ मार्च २००९ मा वीरगन्जस्थित माईस्थान मन्दिरअगाडि एउटा बम विस्फोट हुँदा सातजना घाइते भएका थिए । प्रहरीका अनुसार, उक्त विस्फोटमा संलग्न रहेको ठानिएको तराई मुक्ति मोर्चाका स्थानीय नेता राजबहादुर गोसाईं पक्राउ परेर पनि पछि रिहा भएका थिए । उक्त घटनाको जिम्मेबारी कुनै समूहले लिएन । यो प्रतिवेदन तयार पार्दाको अवधिसम्म उक्त घटनाका बारेमा अनुसन्धान भइरहेको थियो ।

४ अक्टोबर २००८ मा अज्ञात आक्रमणकारीहरूले मोरङ जिल्लास्थित एउटा मस्जिदमा शक्तिशाली बम विस्फोट गराउँदा चारजना घाइते भए । घटनाको जिम्मेबारी कुनै समूहले लिएन भने यो प्रतिवेदन तयार पार्दासम्म विस्फोटमा संलग्न रहेको आरोपमा कसैलाई पनि पक्राउ गरिएन ।

१ जुलाई २००८ मा मोरङ जिल्लास्थित डन बस्को स्कुलका प्रिन्सिपल तथा क्याथोलिक गुरु फादर जोन प्रकाशको हत्या गरियो । एक बन्दुकधारी समूहले क्याथोलिक गुरुहरूको निवासमा प्रवेश गरी अर्का एक गुरुलाई कब्जामा लिई जबर्जस्ती चन्दा माग गरी फादर प्रकाशको हत्या गरेका थिए । यो प्रतिवेदन तयार पार्दासम्म घटनाका सम्बन्धमा अनुसन्धान भइरहेको थियो । त्यस क्षेत्रमा एउटा हिन्दूवादी कट्टरपन्थी समूह सक्रिय थियो र उक्त समूहले क्रिश्चियन समूहसँग चन्दा माग गर्ने र आक्रमणको चेतावनी दिने कार्य जारी राखेको थियो ।

संविधानले निषेध गरेता पनि जातीय व्यवस्थाले हिन्दूवादमा दह्रो ऐतिहासिक जरा गाडेको छ भने यसले समाजलाई पनि बेस्सरी प्रभावित पारेको छ । दलित तथा अन्यको हकअधिकार रक्षाको लागि सरकारका विभिन्न प्रयासका बाबजुद कथित तल्लो जातिकाहरूप्रति चौतर्फी रूपमा सामाजिक भेदभाव कायमै रह्यो । तल्लो जातिकाले शिक्षा, रोजगारी र विवाहलगायत अन्य थुप्रै क्षेत्रमा भेदभाव महसुस गरे । अरु धार्मिक समुदायमा भने जातीय भेदभाव भएको पाइँदैन । हिन्दूजस्ता नदेखिने, दक्षिण एसियाली मूलका नदेखिने व्यक्तिहरूलाई कतिपय हिन्दू मन्दिरमा प्रवेश गर्न दिइएन ।

विशेषतः काठमाडौ उपत्यका जहाँ राम्रो शिक्षादीक्षा र उच्चतम समृद्धिका कारण जातीय भेदभाव विस्तारै घट्दै गएको थियो भने न्यून आय भएका सामाजिक समूहहरूका लागि अवसरहरू पनि बढ्दै गएका थिए । सुशिक्षित र सहरोन्मुख वर्गले नियमित रूपमा राजनीतिमा वर्चस्व जमाएको थियो

साथसाथै उच्च प्रशासनिक, प्राकृतिक स्रोतहरूको उपभोग र सैन्य तहमा पनि उनीहरूकै दबदबा थियो । अन्तरजातीय विवाहविरुद्धको प्रतिरोध उच्च रह्यो ।
१६ अगस्ट २००८ मा जनै पूर्णिमाका क्रममा दैलेख जिल्लाका एक पुजारी दिपक उपाध्यायले एकजना दलित शान्त बहादुर विश्वकर्माको नाडीमा हिन्दू परम्पराअनुसार डोरो बाँध्न अस्वीकार गरे । विश्वकर्मा र एक दलितअधिकारवादी कार्यकर्ता जनकलाल सुनारले उपाध्यायमाथि कानुनी कारबाहीको माग गर्दै उनीविरुद्ध जिल्ला अदालतमा उजुरी दायर गरे । १३ अप्रिल २००९ मा जिल्ला अदालतले छुवाछूतको परम्परालाई बढावा दिएको ठहर गर्दै ती ब्राम्हण पुजारीमाथि तीन महिनाको जेल सजाय र एक हजार रुपैयाँ दण्ड जरिवाना सुनायो ।

## खण्ड चार : अमेरिकी सरकारको नीति

संयुक्त राज्य अमेरिकाको सरकारले धार्मिक स्वतन्त्रताको विषयलाई पनि नेपाल सरकारसँग मानवअधिकार प्रवर्द्धन गर्ने आफ्नो समग्र नीतिकै अंगका रूपमा छलफल गर्दछ । अमेरिकी राजदूतावासले हिन्दू, बौद्ध, मुस्लिम, इसाई, यहुदी तथा अन्य धार्मिक समूहसँग निरन्तर सम्पर्क राख्यो । राजदूतावासले धार्मिक स्वतन्त्रतालाई नजिकबाट अनुगमन गर्‍यो र आवश्यक पर्दा नेपाल सरकारसमक्ष आवाज पनि उठायो । राजदूतावासले तिब्बती  बौद्धधर्मीहरूको शान्तिपूर्ण आन्दोलनप्रति सरकारले जनाएको भेदभावपूर्ण प्रतिक्रियाको पनि विरोध गर्‍यो ।